# स्थानीय पाठ्यक्रम : निर्माण र कार्यान्वयनको अवस्था

शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि प्रस्तुत

शोध-पत्र


शोधकर्ता

सेरबहादुर लामा

परीक्षा रोल नं -२८००८१/०६६

त्रि.वि.दर्ता नं -२७५३३-९५

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रिय विभाग

(पाठ्यक्रम तथा मूल्याङ्कन विभाग)

कीर्तिपुर, काठमान्डौ


२०६८

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र केन्द्रिय विभाग कीर्तिपुर, स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको छात्र श्री सेरबहादुर लामाले "स्थानीय पाठ्यक्रम : निर्माण र कार्यान्वयनको अवस्था" शिर्षकको शोध पत्र मेरो निर्देशनमा लेखन कार्य पूरा गर्नु भएको हो । उहाँले पूरा गर्नु भएको यस शोध पत्रबाट म सन्तुष्ट छु । यस शोध पत्र आवश्यक मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

..............................

सह प्रा.नारायण बस्नेत

शोध निर्देशक

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति : २०६८/०४/१०/०३

# स्वीकृति - पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र केन्द्रिय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको छात्र श्री सेरबहादुर लामाले "स्थानीय पाठ्यक्रम : निर्माण र कार्यान्वयनको अवस्था" शिर्षकमा तयार गरिएको शोध पत्र सिफारिसका साथमा आवश्यक कार्य गर्न मूल्याङ्कनका लागि यस समितिमा प्रस्तुत गर्नु भएकोले यो शोध पत्र मूल्याङ्कन गरी यस मूल्याङ्कन समितिबाट स्विकृत गरियो ।

| शोध मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| १.सह प्रा. नारायण बस्नेत<br>विभागीय प्रमुख तथा शोध निर्देशक | ........................... |
| २.उप.प्रा.किरणराम रञ्जितकार<br>बाह्य परीक्षक | ............................ |
| ३.उप.प्रा.विश्ववाला थापा<br>बाह्य परीक्षक | ............................. |

मिति : २०६८/०४/१७/०३

# कृतज्ञता ज्ञापन

"**स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था**" शिर्षकको शोधकार्य गर्न अवसर प्रदान गरेकोमा पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभाग कीर्तिपूरप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधपत्रको प्रस्तावना कार्यदेखि शोध प्रतिवेदनको अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सल्लाह, सुझाव एवं उचित परामर्श एवं प्रेरणा प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभागका आदरणीय गुरु नारायण बस्नेतज्यू प्रति हृदय देखिनै आभार व्यक्त गर्दछु । साथै यस अनुसन्धान कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सल्लाह प्रदान गरी सहयोग गर्नुहुने गुरु किरणराम रञ्जितकारलाई पनि आभार व्यक्त गर्दछु ।

यस अध्ययनको क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने श्री गणेश उ.मा.वि., श्री विमला प्रा.वि., श्री जलकन्या प्रा.वि., श्री भूमेश्वर प्रा.वि. र श्री पञ्चकन्या प्रा.वि.का प्र.अज्यूहरु.,विषय शिक्षक एवं अभिभावकज्यूहरु लगायत सम्पूर्ण विद्यार्थीहरु धन्यवाद ज्ञापन गर्दछु ।

मेरो शैक्षिक हैसियतलाई यहाँसम्म पुऱ्याउन हरेक किसिमको दु:ख, कष्ट गर्नु हुने मेरो पूजनीय बुबाआमा तथा मेरो शैक्षिक भविष्यप्रति सदा चिन्तित रहनु भई आवश्यक सल्लाह, परामर्श प्रदान गर्नुहुने पूजनीय काका चासुङ लामाप्रति सदा ऋणी छु । साथै मेरो अध्ययनको लागि अनुकुल पारिवारिक वातावरण मिलाउन सदा प्रयासरत मेरी जीवनसाथी तिलक कुमारी गोले र छोरी लोकसाङ् र छ्योइसाङलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्र तयारीको क्रममा शुद्धाशुद्धीमा सहयोग पुऱ्याउनु हुने साङ्गे लामाज्यू धन्यवादको पात्र हुनुहुन्छ भने शोध टंकनको लागि आवश्यक वातावरण मिलाइ दिने भाइ वसन्तलाई पनि धन्यवाद दिन चाहान्छु ।

सेरबहादुर लामा

# शोधसार

नेपालको सन्दर्भमा स्थानीय पाठ्यक्रमको औपचारीक व्यवस्था वि.स.२०४९ को प्राथमिक शिक्षा पाठ्यक्रमले गरेको थियो । सम्भवतः यो नै नेपालको स्थानीय पाठ्यक्रमको पहिलो औपचारीक व्यवस्था हुनु पर्दछ । तर यो व्यवस्था कार्यान्वयनमा आउन सकेन । फेरी प्राथमिक शिक्षा पाठ्यक्रम वि.स. २०६२ ले सोही प्रावधानलाई कार्यरुप दिनको लागि प्राथमिक तहमा १०० पूर्णाङ्कको एक स्थानीय विषय र सामाजिक, शारीरिक तथा सिर्जनात्मक कला विषयमा ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय निकायले पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न पाउने थप व्यवस्था गऱ्यो । यसप्रकार स्थानीय अवश्यकता, स्थानीय विषय र स्थानीय निकायकै व्यक्तिहरुको सहभागितामा स्थानीयताको सम्बोधन हुने पाठ्यक्रम निर्माण गर्नको लागि राज्यले अधिकार प्रदान गरीसकेको परिवेशमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तोकिएको बमोजिम हुन नसकेको, सम्बन्धित सरोकारवालापक्षहरुले ध्यान नदिइएकोले सो व्यवस्था मात्र कागजमा सीमित रहेको जनगुनासो विभिन्न माध्यमहरुबाट सुन्न आइरहेको परिप्रेक्ष्यमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था पहिचान गर्न र स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखपरेका समस्याहरुको पहिचान एवं समाधानको उपायको खोजी गर्ने मुख्य ध्येयको साथ यो अध्ययन गरिएको थियो । यो अध्ययन प्राथमिक तहको सामाजिक विषय अन्तर्गत स्थानीय तहले निर्माण गर्ने २० % स्थानीय पाठ्यक्रममा केन्द्रित गरिएको थियो ।

यो अध्ययन सिन्धुली जिल्लाको मझुवा गा.वि.स.अन्तर्गत पर्ने ८ ओटा विद्यालयहरुमध्ये अध्ययन कर्ताको व्यक्तिगत सहजताको आधारमा ५ ओटा विद्यालयहरुमा केन्द्रित भएर गरिएको थियो । अध्ययनको क्रममा स्रोतव्यक्ति, वि.व्य.स.को अध्यक्ष, विद्यालयको प्र.अ., विषय शिक्षक, अभिभावक र विद्यार्थीहरु एवं कक्षा अवलोकनलाई मुख्य सूचनाको स्रोतको रुपमा लिइएको थियो । साथै ती स्रोतहरुबाट प्राप्त सूचना एवं तथ्याङ्कहरुलाई विश्लेषण एवं व्याख्या गरी अध्ययन को

निष्कर्षमा निकालिएको थियो । अध्ययनका लागि छनौट गरिएको विद्यालयहरुले कक्षा १ देखि ५ सम्म सामाजिक विषय अन्तर्गत २० प्रतिशत स्थानीय विषयवस्तुको रुपमा “स्थानीय धार्मिक स्थलहरु र स्थानीय चाडपर्वहरु” को स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिएको पाइयो ।

पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियाको वास्तविकता अध्ययनको लागि विद्यालयको पठनपाठन एवं शैक्षिक क्रियाकलापहरुमा यो अध्ययन केन्द्रित गरिएको थियो । स्थानीय व्यक्तिहरु, निकायहरु लगायत सरोकारवालाहरुको स्थानीय पाठ्यक्रम प्रतिको बुझाइलाई विश्लेषण गर्दा स्पष्टरुपमा सचेतनाको अभाव देखिन्थ्यो । स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया केही सन्तोषजनक देखिए तापनि कार्यान्वयन पक्ष निर्दिष्ट गरे अनुसार प्रभावकारी हुन सकेको देखिएन । त्यस्तै विषय शिक्षकलाई पेशागत दक्षता एवं सक्षमताको लागि आवश्यक तालिम एवं प्रशिक्षणको अभाव रहेकोले शैक्षणिक योजना विना शिक्षण गरिएको देखिन्थ्यो । स्थानीय विषयवस्तुको शिक्षणको लागि स्थानीय स्तरमै उपलब्ध मौलिक सामग्रीहरुको निर्माण गरी शिक्षणमा समयोजन गर्न आवश्यक शिक्षण सीपको अभाव देखिएकोले पाठ्यक्रममा निर्धारित पाठशिर्षकलाई परम्परागत व्याख्यान विधि प्रयोग गरी शिक्षण गरेको पाइयो ।

# विषय-सूची


परिच्छेद एक

परिचय १-१३

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ७

१.३ अध्ययनको औचित्य ९

१.४ अनुसन्धान प्रश्न ११

१.५ अध्ययनका उद्देश्यहरू १२

१.६ अध्ययनको परिसीमा १२

परिच्छेद दुई

सम्बन्धित साहित्यको पुनरावलोकन १४-२१

२.१ सम्बन्धित साहित्यको समिक्षा १४

२.२सैद्धान्तिक अवधारणा १७

२.३ अवधारणात्मक ढाँचा २०

परिच्छेद तीन

अध्ययन विधि २१-२४

३.१ अध्ययन विधि २१

३.२ अनुसन्धान ढाँचा २१

३.३ नमूना छनौट २२

३.३.१ विद्यालयको छनौट २२

३.३.२ प्रधानाध्यापक र शिक्षकहरुको छनौट २२

३.३.३ विद्यार्थीहरुको छनौट २२

३.३.४ अभिभावकहरुको छनौट २२

३.३.५ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र स्रोत व्यक्तिको छनौट २३

३.४ अध्ययनको लागि साधनहरुको निर्माण २३

३.४.१ खुला प्रश्नावली २३

३.४.२ अन्तर्वार्ता निर्देशिका २३

३.४.३ समूह छलफल निर्देशिका २३

३.४.४ कक्षा अवलोकन फारम २३

३.५ साधनको बैधता निर्धारण २४

३.६ तथ्याङ्क संकलन प्रक्रिया २४

३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया २४

परिच्छेद चार
तथ्याङ्क विश्लेषण र व्याख्या २५-४६

४.१ सामाजिक विषयको २० प्रतिशत स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको अध्ययन २५
४.२ स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयन सम्बन्धि अध्ययन ३०
४.३ स्थानीय विषयको पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धि सार ३८
४.४ सामाजिक विषय अन्तर्गत स्थानीय विषयको पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखा परेका समस्याहरु ४०
४.५ सामाजिक विषय अन्तर्गत स्थानीय विषयको पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखा परेका समस्या समाधानका उपायहरु ४१

परिच्छेद पाँच
प्राप्ती, निष्कर्ष र सुझाव ४३-४६

५.१ प्राप्ती ४३
५.२ निष्कर्ष ४४
५.३ सुझाव ४६

सन्दर्भग्रन्थहरु
अनुसूचीहरु